नेपाल सरकार

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP-II)

## को तर्फबाट नगरपालिकाहरुले ईञ्जिनियर पदको सेवा करारमा लिने सम्वन्धी

# सूचना

**प्रथम पटक प्रकाशित मिति २०७२/१०/२८**

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP - II) अन्तर्गत देहायका नगरपालिकाहरुमा रहि कार्य गर्ने गरी सम्वन्धित नगरपालिकाको कार्यालयबाट प्राप्त हुने दरखास्त फाराममा उल्लेखित विवरण खुलाई देहायका पदहरुमा मिति २०७२/११/१९ सम्म दरखास्त दिन ईच्छुक उम्मेद्वारहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

उम्मेद्वारहरुले जुन नगरपालिकाको लागि दरखास्त दिने हो सोहि कार्यालयबाट दरखास्त फाराम लिई सोहि नगरपालिकामा नै बुझाउनु पर्नेछ । म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| क्र.स. | सूचना | पद | आवश्यक संख्या |
|---|---|---|---|
| १. | ०४/ ०७२-०७३ | इन्जिनियर ४१ नगरपालिकाहरुमा | ४१ (नगरपालिकाहरु) अमरगढी (डडेलधुरा), दशरथचन्द (बैतडी), दिपायल सिलगढी (डोटी), गुलरिया (बर्दिया), गोरखा (गोरखा), पुतलीबजार (स्याङ्जा), तानसेन (पाल्पा), कपिलबस्तु (कपिलबस्तु), विदुर (नुवाकोट), कमलामाई (सिन्धुली), रत्ननगर (चितवन), कलैया (बारा), सिरहा (सिरहा), खांदवारी (संखुवासभा), भद्रपुर (झापा), गौरादह (झापा), लालीगुरांस (तेह्थुम), हनुमाननगर योगिनिमाई (सप्तरी), सुखिपुर (सिरहा), धनगढीमाई (सिरहा), बज्रबाराही (ललितपुर), कालिका (चितवन), राप्ती (चितवन), बरहथवा (सर्लाही), भानु (तनहुँ), आँबुखैरनी (तनहुं), मध्यविन्दु (नवलपरासी), भृकुटी (कपिलबस्तु), भीर्कोट (स्याङ्जा), राईनास (लमजुङ्ग), करापुटार (लमजुङ्ग), मध्यनेपाल (लमजुङ्ग), भेरीमालिका (जाजरकोट), चौरजहारी (रुकुम), बागचौर (सल्यान), शुभाघाट गंगामाला (सुर्खेत), कमलबजार (अछाम), वेलडांडी (कञ्चनपुर), बेदकोट (कञ्चनपुर), कृष्णपुर (कञ्चनपुर) र बबई (बर्दिया) नगरपालिकाहरुमा १/१ जनाका दरले |

(क) उम्मेद्वार छनौटको प्रक्रिया लिखित परिक्षा र अन्तर्वार्ता दुवै हुनेछ ।

(ख) **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Local Governance and Community Development Programme) को तर्फबाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियर पदको छनौट सम्बन्धी कार्यविधि-२०७२** र दरखास्त फाराम www.mofald.gov.np बाट download गरि प्राप्त गर्न सकिनेछ ।

(ग) दरखास्त फाराम दस्तुर रु. १००० (एक हजार) उम्मेद्वारहरुले आफुले फाराम भर्न चाहेको नगरपालिकामा बुझाई सोको रसिद दरखास्त फारामसंग संलग्नगरि बुझाउनु पर्नेछ ।

(घ) दरखास्त फाराम बुझाउने अन्तिम म्याद मिति २०७२/११/१९ सम्म हुनेछ । म्याद समाप्त भएको भोलि पल्ट सम्वन्धित नगरपालिकाहरुले परीक्षा सम्वन्धी कार्यक्रमको सूचना प्रकाशित गर्नेछन ।

(ङ) उपर्युक्त सूचना नं. ४ को पदको पाठ्यक्रमको हकमा कार्यविधिको दफा ५ को चौथो बुंदामा उल्लेखित व्यवस्था बमोजिम हुनेछ । साथै, सोही कार्यविधिको दफा ८ को **"योग्यताएवं छनौटका आधारहरु"** सम्वन्धी व्यवस्थामा उल्लेख गरिएका बुंदाहरुलाई समेत लिखित एवं अन्तवार्ताका क्रममा परिक्षण गर्नु पर्नेछ ।

(च) उपर्यूक्त सवै पदहरुका लागि मिति २०७२/०९/२३ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट यस अघिनै पत्र पठाईएको हुदां यदी प्रक्रिया अगाडी बढाई सकेको भए सोही बमोजिम गर्ने । यदि म्याद बांकि भएमा **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Local Governance and Community Development Programme) को तर्फबाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियर पदको छनौट सम्बन्धी कार्यविधि-२०७२** को अधिनमा रही कार्य गर्ने ।

(छ) उक्त पदमा रहि कार्य गर्दा पाउने सुविधा (प्रतिमहिना रु. तीस हजारका दरले वार्षिक १३ महिना बराबरको रकम पारिश्रमिकका रुपमा उपलब्ध गराईने छ र अन्य सेवा सुविधाका हकमा सम्वन्धित कार्यालय संगको करार संझौतामा उल्लेख हुने शर्तहरु बमोजिम हुनेछ ।

(ज) उम्मेद्वारहरुले यस सम्वन्धि थप जानकारी लिन चाहेमा सम्वन्धित नगरपालिकाबाट आवश्यक जानकारी प्राप्त गर्न सक्नेछन ।